नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय
२०६४

# कार्यक्रम अधिकृत (Program Officer) छनौट सम्बन्धी आन्तरिक मापदण्ड,२०८२

स्वीकृत मिति : २०८२/०४/०६

**प्रस्तावना**

वैदेशिक रोजगार बोर्डको सचिवालयले कार्यक्रम अधिकृत (Program Officer), पदपूर्ति गर्ने प्रयोजनको लागि यो मापदण्ड बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** मापदण्डको नाम "कार्यक्रम अधिकृत (Program Officer), छनौट सम्बन्धी आन्तरिक मापदण्ड,२०८२" रहेको छ ।यो मापदण्ड स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा :**

- "कार्यकारी निर्देशक" भन्नाले वैदेशिक रोजगार बोर्डको सचिवालयका कार्यकारी निर्देशकलाई जनाउनेछ ।
- "छनौट समिति" भन्नाले यस मापदण्डको दफा-४ बमोजिम गठन भएको समितिलाई जनाउनेछ।
- "बोर्ड" भन्नाले वैदेशिक रोजगार बोर्डलाई जनाउनेछ।
- "सचिवालय" भन्नाले वैदेशिक रोजगार बोर्डको सचिवालयलाई जनाउनेछ ।

**३. योग्यता :** कार्यक्रम अधिकृत (Program Officer), पदका लागि निम्न योग्यताहरु हुनुपर्ने छ।

- मानविकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानून वा सम्बन्धित अन्य विषयमा कम्तिमा स्नातक तह वा सो सरह उतीर्ण गरेको हुनुपर्ने। स्नातकोत्तर उतीर्ण भएमा short listing मा थप अंक प्राप्त हुने।
- अनुभवः सुरक्षित वैदेशिक रोजगारी तथा अन्य सामाजिक क्षेत्रमा कम्तिमा अधिकृत स्तरको सरकारी, गैर-सरकारी, वा अन्य सरकारी मान्यता प्राप्त संस्थामा अविछिन्न कम्तिमा दुई वर्षको अनुभव हासिल गरेको। सोभन्दा बढी अनुभव भए short-listing मा थप अंक प्राप्त हुने।
- कम्प्युटर सम्बन्धी ज्ञान (जस्तै MS Office Word, Excel, PowerPoint) सहजरुपमा चलाउन सक्ने साथै नेपाली र अंग्रेजी भाषामा टाइप गर्न सक्ने तथा प्रतिवेदन तयार गर्न सक्ने क्षमता भएको हुनुपर्नेछ। Computer, Printer, Scanner, Multimedia लगायत उपकरणहरुको प्रयोग गर्नसक्ने सीप भएको। इमेल, इन्टरनेट तथा सामाजिक संजाल सम्बन्धी राम्रो ज्ञान भएको, व्यवस्थापन सूचना प्रणाली (MIS) सम्बन्धी आधारभूत ज्ञान भएको।
- अनिवार्य रुपमा नेपाली र अंग्रेजी दुबै भाषा राम्रोसँग लेख्न र बोल्न सक्ने हुनुपर्ने।
- २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको र महीलाको हकमा ४० वर्ष ननाघेको नेपाली नागरिक हुनुपर्ने।



कार्यकारी निर्देशक

४. छनौट समिति : कार्यक्रम अधिकृत (Program Officer), को छनौटका लागि देहाय अनुसारको एक छनौट समिति हुनेछ।

१) कार्यकारी निर्देशक, वैदेशिक रोजगार बोर्डको सचिवालय - संयोजक

२) प्रतिनिधि उपसचिवस्तर, श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय -सदस्य

३) प्रमुख, प्रशासन तथा योजना शाखा, वैदेशिक रोजगार बोर्डको सचिवालय, -सदस्य-सचिव

छनौट समितिले आवश्यकतानुसार सहयोग गर्न आमन्त्रित एवं अन्य कर्मचारी खटाउन सक्नेछ। समितिका पदाधिकारी, आमन्त्रित एवं सहयोगी कर्मचारीलाई बैठकमा उपस्थित भएमा नियमानुसार बैठक भत्ता उपलब्ध हुनेछ ।

५. छनौट प्रकृया :कार्यक्रम अधिकृत (Program Officer), को छनौटका लागि देहाय अनुसारको प्रकृया हुनेछ।

- आवेदन आब्हवानका लागि सूचना प्रकाशन गर्ने।
- आवदेन संकलन गर्ने।
- प्राप्त आवेदनहरु मध्ये short listed उम्मेद्वारको सूची तयार गर्ने।
- मापदण्डको दफा १० बमोजिमको कूल प्राप्तांकका आधार छनौट गर्ने।
- नियुक्तिका लागि सचिवालयमा सिफारिस गर्ने।

६.आवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु:

- नेपाली नागरिकताको प्रतिलिपि ।
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि ।
- कार्य-अनुभवको प्रमाणपत्रको प्रतिलिपि ।
- पासपोर्ट साईजको फोटो सहितको बायोडाटा ।
- आफैले हस्ताक्षर गरेको निवेदन।

७. Short Listing का आधारहरु (५० अंक)

७.१)शैक्षिक योग्यता (कूल ३० अंक)

क. शैक्षिक योग्यता- स्नातक (प्रथम श्रेणी -२० अंक, द्वितीय श्रेणी १५ अंक र तृतीय १० अंक)

ख. स्नातकोत्तर तह-(प्रथम श्रेणी १० द्वितीय श्रेणी ७ अंक र तृतीय श्रेणी ५ थप अंक प्राप्त गर्ने छ।)



कार्यकारी निर्देशक

( 3.61 above First Division, 2.81 above 3.6 second division , 2.00 above 2.8 third division कायम गरी अंक प्रदान गरिनेछ ।)

**७.२) वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको अनुभव (१० अंक) न्यूनतम एक वर्ष हुनुपर्ने**

- प्रति वर्ष २ अंकका दरले वढीमा ५ बर्षसम्मको लागि १० अंक।

**७.३) कम्प्युटरको दक्षता सम्बन्धी प्रमाणपत्रः १० अंक**

- आधारभूत स्तरको तालिम प्रमाणपत्र भएकोः ५ अंक (एक महिनादेखि ३ महिनासम्म)
- ३ महिनाभन्दा बढी अवधिको डिप्लोमा वा कम्प्युटर ईन्जिनियर वा BSC.CSIT वा सो सरहकाहरुलाईः १० अंक

**८) छनौटको प्रक्रियाः** Short List मा परेका सबै उम्मेदवारलाई मिति, समय र स्थान तोकी नियमानुसार विषय समेटी कूल १५० अंकको, लिखित परिक्षा, कम्प्युटर सीप परीक्षण र व्यक्तिगत अन्तर्वार्ता लिइनेछ।

८.१) **लिखित परिक्षा** (१०० अंकः ४० प्रतिशत अंक प्राप्त गर्ने मात्र उतीर्ण हुनेछ)

१. व्यवस्थापन (अवधारणा, उद्देश्य, शिद्धान्त, नेतृत्त्व, लगायतका विविध पक्षहरु) ।

२. श्रम तथा वैदेशिक रोजगारी प्रशासन र व्यवस्थापन तथा वैदेशिक रोजगारी सम्बन्धी नेपाल सरकारको प्राथमिकता र कार्यक्रम ।

३. आप्रवासी श्रोत केन्द्रहरुको कार्यक्षेत्र, समस्या र चुनौतीहरु।

४. बिदेशमा अलपत्र परि उद्धार गर्नुपर्ने श्रमिकहरुको समबन्धमा गर्नुपर्ने राहत/उद्धार सम्बन्धी कार्यहरु।

५. वैदेशिक रोजगार सम्बन्धी नियम कानून तथा वैदेशिक रोजगार बोर्डको काम, कर्तव्य र अधिकार ।

**८.२) कम्प्युटर सीप परिक्षणः (१० अंक)**

- नेपाली (५ अंक) तथा अंग्रेजी (५ अंक) गरी हुनेछ ।

**व्यक्तिगत अन्तर्वार्ता (४० अंक)**

९. छनौट समितिले उपदफा- ७ र ८ अनुसार प्राप्त छनौट मूल्यांकनको औषत निकाली सूची तयार गर्नु पर्नेछ।



कार्यकारी निर्देशक

१०. दफा-९ बमोजिम जोड्दा कूल प्रासांक अनुसार सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई नियुक्तिको लागि सचिवालयलाई सिफारिस गरिनेछ ।

११. दफा-१० बमोजिम सिफारिस गर्दा सम्भव भएसम्म सिफारिस संख्या बराबरकै संख्यामा वैकल्पिक उम्मेद्वार समेत समितिले सिफारिस गर्नुपर्नेछ ।

१२. दफा -११ अनुसार सिफारिस भएको उम्मेदवारले सात दिनभित्र नियुक्तिको लागि सचिवालयमा उपस्थित हुनु पर्नेछ। उक्त अवधिभित्र उपस्थित नभएमा सचिवालयले वैकल्पिक उम्मेदवारलाई नियुक्त गर्नेछ ।

१३. कार्यक्रम अधिकृत (Program Officer), को कार्यबिबरण अनुसुची - ३ अनुसार हुनेछ ।

१४. यो मापदण्ड कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्काउ भएमा सचिवालयले निर्णय गरी फुकाउनेछ।

कार्यकारी निर्देशक